# बुढीगंगा राजपत्र

## बुढीगंगा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या १४ मिति २०८२ पुस २५ गते**


## भाग १

## बुढीगंगा नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं १४

## केहि नगर ऐन संशोधन गर्ने ऐन, २०८२

**प्रस्तावनाः** यस बुढीगंगा नगरपालिकाद्वारा जारी भएका सहकारी ऐन, २०७४ र न्यायिक समितिको कार्यविधि ऐन, २०७४ लाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

बुढीगंगा नगरपालिका नगर सभाले यो केहि नगर ऐनमा संशोधन गर्न बनेको बिधेयक, २०८२ पारित गरेको छ।

## १. सहकारी ऐन २०७४ मा संशोधनः

(१) दफा ७ पछि दफा ७ क. थप गरी देहायको व्यहोरा राखिएकोः

७क. **सुचिकरण र नविकरण गर्नु पर्नेः** (१) यस नगरपालिका क्षेत्र भित्र कार्य क्षेत्र भई यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारीहरुले तोकिएबमोजिम नगरपालिकामा सुचिकृत हुनु पर्नेछ।

(२) यस ऐन बमोजिम दर्ता तथा सुचिकरण भएका सहकारी संस्थाहरुले तोकिएबमोजिम बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ।

(२) **दफा ११ उपदफा (१) को खण्ड (ङ) मा "बचत तथा ऋण सहकारी संस्थाः** बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था" थप गरिएको ।

(३) दफा ४० लाई संशोधन गरी "**सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्थाः** बचत तथा ऋणको सन्दर्भ

व्याजदर संघीय कानुन बमोजिम हुनेछ र यस्तो ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ।" भन्ने व्यवस्था राखिएको।

(४) **दफा ७९ लाई संशोधन गरी देहायको व्यवस्था राखिएको:**

<u>जरिवाना गरिने</u>: (१) कसैले देहायको कुनै कार्य गरेमा नगरपालिकाले जरिवाना गर्नेछ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा,

(ख) अन्य स्थानीय तहमा दर्ता भएको तर यस नगर क्षेत्रमा सेवा दिई रहेको सहकारीले सेवाको जानकारी नदिई काम गरेमा,

(ग) सहकारी संस्थाले कुनै नियकायबाट इजाजत पत्र लिनु पर्ने व्यवसाय इजाजत नलिई गरेमा,

(घ) संस्थाको बिनियम आन्तरिक र आन्तरिक कार्यविधि उलंघन गरेमा

(ङ) तोकिएको समयमा साधारण सभा नगरेमा, र

(च) यस ऐन र यस ऐन बमोजिम बनेका नियमहरुको उलंघन गरेमा।

(२) उपदफा (१) बमोजिमको कार्य गरेमा नगरपालिकाले रु ५००० देखि २५००० हजार सम्म जरिवाना गरी पन्ध्र दिन भित्र यस ऐनले तोकेको प्रक्रिया पुर्याउन आदेश दिन सक्नेछ।

(५) परिच्छेद १९ बाट कसूर दण्ड जरिवाना पुनरावेदन भन्ने शब्दावली हटाई “दण्ड जरिवाना" मात्र राखिएको।

(६) दफा ८३ मा **८१** बमोजिमको ठाँउमा **दफा ७९** राखिएको।

(७) दफा ८४ मा **८१** बमोजिमको ठाँउमा **दफा ७९** राखिएको र **वा नेपाल राष्ट्र बैङ्क** भन्ने शब्दावली हटाईएको ।

(८) दफा ८८ को (२) मा “दफा ८० को ठाउँमा ७९" राखिएको।

## २. न्यायिक समितिको कार्यविधि ऐन २०७४ मा संशोधन

(१) दफा ७ को खण्ड (ख) हटाएएको।

(२) दफा ८ (३) (झ) पछि "(झ)१. सम्पत्ति रोक्का/फुकुवा वा अन्तरिम संरणात्मक आदेश माग गर्नु पर्ने भएकोमा सोको व्यहोरा।" राखिएको।

(३) दफा ८ पछि दफा ८ क थप गरी देहायको व्यवस्था राखिएको:

८.क. **दफा ८ क. मेलमिलाप केन्द्रले विवाद दर्ता गर्न सक्ने:** (१) कुनै व्यक्तिले आफूलाई मर्का परेको बिषयमा सम्बन्धित वडामा रहेको मेलमिलाप केन्द्रमा समेत निवेदन दर्ता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मेलमिलाप केन्द्रमा निवेदन आएमा केन्द्रको संयोजक वा विवाद दर्ता गर्न तोकिएको व्यक्तिले तत्काल नगरपालिकाको उजुरी प्रशासन

शाखामा त्यसको प्रतिलिपी पठाई विवाद दर्ता गर्न मिल्ने वा नमिल्ने राय लिनु पर्नेछ।

(३) उजुरी प्रशासकले उपदफा (२) बमोजिम मेलमिलाप केन्द्रबाट प्राप्त निवेदन दर्ता गर्न मिल्ने वा नमिल्ने निर्णय गरी दर्ता गर्न मिल्ने भए न्यायिक समितिको मूल दर्ता कितावमा दर्ता गरी त्यसको दर्ता निस्सा सहित मेलमिलाप केन्द्रलाई मेलमिलाप प्रक्रिया सञ्चालन गर्न अनुसूची २ बमोजिमको ढाँचामा मेलमिलाप सत्र सञ्चालन गर्न अनुमति प्रदान गर्नुपर्छ भने दर्ता गर्न नमिल्ने भएको सोको कारण सहित मेलमिलाप केन्द्रलाई जानकारी गराउनु पर्नेछ।

(४) यस दफा बमोजिम प्राप्त निवेदन मेलमिलाप प्रक्रियामा प्रेषण गरेको अवस्थामा लिखित प्रतिउत्तर पेश गर्नु पर्ने छैन।

तर, न्यायिक समितिले निर्णय गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) अन्तर्गतको विवादमा उल्लेखित मेलमिलाप प्रक्रिया सफल नभएमा भने न्यायिक समितिले लिखित प्रतिउत्तर माग गर्न सक्नेछ।

(४) दफा २२ उपदफा (६) र (७) लाई संशोधन गरी देहायको व्यवस्था राखिएको:

(६) यस ऐन बमोजिम म्याद जारी गर्नुपर्दा अनुसूची-७क. वा अनुसूची-७ ख. बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

(७) उप दफा (६) बमोजिम म्याद तामेली पश्चात अनुसूची ८ बमोजिमको म्याद तामेली गरेको भरपाई गर्नु पर्नेछ।

(५) दफा ४९ उजुरी शाखा/ फाँट तथा अभिलेख शाखा/फाँटको ठाउँमा संशोधन गरी **न्याय प्रशासन शाखा** राखिएको।

(६) दफा ५५ मा संशोधन गरी "(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय ऐनको दफा ४७ को उपदफा (२)



बुढीगंगा नगरपालिका

बमोजिमको उजुरीमा मेलमिलाप वा मिलापत्र हुन नसकेमा समितिले अधिकार क्षेत्र रहेको अदालतमा जाने भनि अनुसूची १३ बमोजिम आदेश गरी दिनुपर्नेछ" भन्ने व्यवस्था गरिएको।

(७) सबै अनुसूचीहरुमा संशोधन गरिएको छ।

**आज्ञाले**

अम्मर राज जोशी

प्रमुख प्रशासकीय अधिकृत

बुढीगंगा नगरपालिका